**भिमाद नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**पदपूर्ति समिति**

**भिमाद, तनहुँ**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/१७**

चालु आर्थिक वर्ष २०८१/०८२ बाट नेपाल सरकार र भिमाद नगरपालिकाको वित्तीय साझेदारीमा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) सञ्चालन हुने भएकोले उक्त कार्यक्रमको लागि आवश्यक पर्ने तपसिल बमोजिमको पद, तह र संख्यामा कर्मचारी सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले ईच्छुक एवम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरखास्त दिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | ०४-०८१/०८२ | वित्तीय साक्षरता सहजकर्ता (सहायक पाचौं सरह) | १ | न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण, पौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | लिखित र अन्तरवार्ता |
| २ | ०५-०८१/०८२ | रिटर्नी स्वयंसेवक (आंशिक) | २ | न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगार(खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ | अन्तरवार्ता |

**द्रष्ट्रव्यः-**

१) **तलव तथा अन्य सुविधाः-** कार्यक्रमको नियमानुसार।

२) **आवश्यक कागजातहरुः-** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपी, कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साईजको दुई प्रति फोटो।

३) **छनौट प्रकियाः-** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरवार्ता परिक्षामा समावेश गरिने छ।

४) **दरखास्त दिने अन्तिम मितिः-** २०८१/०६/०१ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ।

५) **दरखास्त दस्तुरः-** वित्तीय साक्षरता सहजकर्ता पदको लागि रु. ४००।— र रिटर्नी स्वयंसेवक पदको लागि रु.३००।—

६) **उमेरः** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने तर महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने।(वित्तीय साक्षरता सहजकर्ताको हकमा मात्र)

७) **परिक्षा मितिः-** पछि तोकिनेछ।

**मोहन प्रसाद मरासिनी**

**प्रमुख प्रशासकीय अधिकृत**